मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
जनकपुरधाम, नेपाल

प्रमुख सचिव

# मधेश प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९

नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकारको मन्त्रिपरिषद्ले प्रदेश सरकारको कार्य विभाजनका लागि देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "मधेश प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा ;-

(क) "मन्त्रालय" भन्नाले मधेश प्रदेश सरकारका मन्त्रालय सम्झनुपर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(ख) "मन्त्री" भन्नाले मुख्यमन्त्री र मन्त्रीलाई सम्झनुपर्छ र सो शब्दले राज्यमन्त्री र सहायक मन्त्रीलाई समेत जनाउँछ ।

३. **मन्त्रालयः** मधेश प्रदेशमा अनुसूची -१ मा उल्लेख भए बमोजिमका मन्त्रालय रहनेछन्।

४. **कार्यसम्पादनः** मधेश प्रदेश सरकारको कार्यसम्पादन नियम ३ मा उल्लेख भए बमोजिमका मन्त्रालयहरुबाट हुनेछ।

५. **कार्यविभाजनः** (१) मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूची-२ मा उल्लेख भए वमोजिम हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश मन्त्रिपरिषद्ले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै मन्त्रालयको काम हेरफेर गर्न सक्नेछ।

(३) मुख्यमन्त्रीले कुनै मन्त्रीलाई एक वा एकभन्दा बढी मन्त्रालयको कार्यभार सुम्पन सक्नेछ।

(४) मुख्यमन्त्रीले कुनै मन्त्रालयलाई तोकिएको काममध्ये केही काम आफैंले वा सम्बन्धित मन्त्रीको सिफारिसमा अर्को कुनै मन्त्रीले हेर्ने गरी तोक्न सक्नेछ।

तर सम्बन्धित मन्त्री प्रदेशमा नरहेको अवस्थामा निजको काम कुनै मन्त्रीले वा आफैंले हेर्ने गरी तोक्न त्यस्तो सिफारिस आवश्यक पर्ने छैन।

६. **मन्त्रीको जिम्मेवारीः** नियम ५ वमोजिम आफूलाई तोकिएको कार्यसम्पादन गर्ने वा गराउने जिम्मेवारी र कार्यसम्पादन भए नभएको विषयमा वहन गर्ने उत्तरदायित्व सम्बन्धित मन्त्रीको हुनेछ।

७. **अनुसूचीमा हेरफेरः** प्रदेश मन्त्रिपरिषद्ले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

८. **खारेजी र वचाउः** (१) प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ खारेज गरिएको छ।

(२) उपनियम (१) बमोजिम खारेज भएको नियमावली बमोजिम भए गरेका कामकारवाही यसै नियमावली वमोजिम भए गरेको मानिनेछ ।

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
जनकपुरधाम, नेपाल

प्रमुख सचिव

अनुसूची १
(नियम ३ सँग सम्बन्धित)

**प्रदेशमा रहने मन्त्रालयहरु**

| क्र.सं. | मन्त्रालयको नाम |
|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | अर्थ मन्त्रालय |
| ३ | उद्योग, पर्यटन तथा वन मन्त्रालय |
| ४ | कानून, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय |
| ५ | खानेपानी तथा ऊर्जा विकास मन्त्रालय |
| ६ | गृह तथा सञ्चार मन्त्रालय |
| ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ९ | महिला, बालबालिका, युवा तथा खेलकूद मन्त्रालय |
| १० | सामाजिक विकास मन्त्रालय |
| ११ | शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्रालय |

मधेश प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय जनकपुरधाम, नेपाल

प्रमुख सचिव

## अनुसूची २
(नियम ५ सँग सम्बन्धित)

### प्रदेशमा रहने मन्त्रालयहरुको कार्यजिम्मेवारी

| | १ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
|---|---|
| क्र.सं. | कार्यजिम्मेवारी |
| १ | प्रदेश सरकारको अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीति, योजना एवम् रणनीति तर्जूमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| २ | प्रदेश सरकारको कार्यविभाजन र मन्त्रालयहरुको गठन, विघटन तथा संगठन संरचना स्वीकृति र हेरफेर |
| ३ | प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जूमा र कार्यान्वयन |
| ४ | प्रदेशका विभिन्न मन्त्रालयहरूको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, सुपरिवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन |
| ५ | प्रदेश मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन तथा सोको अनुगमन |
| ६ | प्रदेश सभामा पेश हुने विधेयक एवम् अध्यादेश, नियम तथा आदेशको तर्जूमा, स्वीकृति तथा जारी |
| ७ | राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र सम्बोधन |
| ८ | शासकीय सुधार, मानव अधिकारको संरक्षण र प्रवर्द्धन, सुशासन कायम र भ्रष्टाचार नियन्त्रण सम्बन्धी |
| ९ | संघीय संवैधानिक तथा अन्य आयोगका कार्य संचालनमा सहजीकरण र सहयोग |
| १० | संघीय सरकारको स्वीकृत नीति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन |
| ११ | स्थानीय तहको केन्द्र निर्धारणका लागि सिफारिश र सीमा विवाद समाधानमा समन्वय |
| १२ | अन्तरप्रदेश परिषद र अन्तरप्रदेश समन्वय सम्बन्धी |
| १३ | जिल्ला सभाको सञ्चालन, व्यवस्थापन र समन्वय सम्बन्धी |
| १४ | प्रदेशमा गठित आयोगको पदाधिकारीहरुको नियुक्ति, सेवा शर्त र सुविधा सम्बन्धी |
| १५ | संघीय तथा स्थानीय तहका विशेष संरचनाहरुसंगको समन्वय तथा सहकार्य सम्बन्धी |
| १६ | प्रशासन सुधार सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| १७ | प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारी व्यवस्थापन सम्वन्धी नीति, कानुन, सेवा शर्त एवं मापदण्ड |
| १८ | प्रदेश निजामती सेवा र अन्य सरकारी सेवाका विभिन्न सेवा, समूह र उपसमूहको सञ्चालन |
| १९ | मानव संसाधन विकास र व्यवस्थापन, कर्मचारीको क्षमता अभिवृद्धि तथा छात्रवृत्ति व्यवस्थापन |
| २० | व्यवस्थापन परीक्षण र सेवाग्राही सन्तुष्टि सर्भेक्षण |
| २१ | प्रदेशका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण |
| २२ | कर्मचारी तालीम सम्वन्धी नीति, मापदण्ड र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय |

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
जनकपुरधाम, नेपाल
प्रमुख सचिव

| | |
|---|---|
| २३ | प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारीको अभिलेख व्यवस्थापन तथा किताबखानाको सञ्चालन |
| २४ | प्रदेश लोक सेवा आयोग र अन्य सेवा आयोगसँग सम्पर्क र समन्वय |
| २५ | सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण |
| २६ | गाउँपालिका र नगरपालिकाको कानुन निर्माण प्रक्रिया, स्थानीय सेवा सञ्चालन र स्थानीय तहको सभा सञ्चालन सम्बन्धी कानुन |
| २७ | प्रदेशभित्रको अनुसन्धान र विकास तथा जनशक्तिको क्षमता विकास सम्बन्धी |
| २८ | प्रदेश निजामती सेवा तथा अन्य सरकारी सेवाको केन्द्रीय कर्मचारी निकाय सम्बन्धी |
| २९ | मधेश प्रदेशको स्थानीय तहका कर्मचारीहरुको सेवा सम्बन्धी कानुन तर्जूमा र कार्यान्वयन |
| ३० | कर्मचारी व्यवस्थापनमा संघ तथा स्थानीय तहसँग समन्वय |
| ३१ | अन्य मन्त्रालयको कार्यविभाजनमा नपरेको विषय |
| | **२ अर्थ मन्त्रालय** |
| १ | प्रदेशको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जूमा, कार्यान्वयन र नियमन |
| २ | आर्थिक साधनश्रोतको बाँडफाँड |
| ३ | प्रदेश आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जूमा कार्यान्वयन र नियमन |
| ४ | संघको स्वीकृतिमा वैदेशिक अनुदान र सहयोग प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन |
| ५ | प्रदेश सेवा सुविधा र दीर्घकालीन आर्थिक दायित्व सम्वन्धी विषय |
| ६ | प्रदेश सरकारी सम्पत्तिको एकीकृत विवरण तयारी तथा प्रतिवेदन |
| ७ | प्रदेश सरकारी बाँकी रकमको लगत र असुल उपर |
| ८ | प्रदेश विकास नीति, प्रदेशस्तरका अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जूमा र अनुगमन तथा मूल्यांकन |
| ९ | आवधिक योजना र विषय क्षेत्रगत योजना तर्जूमा, प्रदेशको प्राथमिकता तथा लक्ष्य निर्धारण |
| १० | प्रदेशगत मानव संशाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जूमा |
| ११ | अन्तरक्षेत्रगत केन्द्रीय विकास आयोजनाहरूमा समन्वय र सशर्त अनुदानको सदुपयोग |
| १२ | सन्तुलित विकासका लागि क्षेत्रगत नीति रणनीति तर्जूमा तथा कार्यान्वयन |
| १३ | गरीवी निवारणको रणनीति तर्जूमा तथा कार्यान्वयन |
| १४ | कुल प्रदेश लगानी प्रक्षेपण (सरकारी, सहकारी र निजी) र वित्तीय व्यवस्थापन |
| १५ | वार्षिक विकास कार्यक्रम तर्जूमा, स्वीकृति, कार्यान्वयन र नियमन |
| १६ | प्रदेशस्तरमा अनुगमन तथा मूल्यांकनको आधार, प्रक्रिया निर्धारण, क्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन; विकास आयोजना कार्यान्वयन, अनुगमन र प्रतिफलको समीक्षा |
| १७ | वित्तीय संस्थाहरुको संचालनमा सहजीकरण तथा सहयोग |
| १८ | प्रदेश राजश्व सम्बन्धी नीति, कानुन तर्जूमा कार्यान्वयन र नियमन |
| १९ | प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीति तर्जूमा कार्यान्वयन, नियमन र स्थानीय तहमा अनुदान हस्तान्तरण |
| २० | प्रदेश आन्तरिक र वैदेशिक ऋण तथा अनुदानको व्यवस्थापन र नियमन |

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
जनकपुरधाम, नेपाल
प्रमुख सचिव

| | |
|---|---|
| २१ | संघीय नीति अनुरुप सहवित्तीयकरण तथा सहलगानी |
| २२ | घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना र सेवा शुल्क दस्तुर तथा दण्ड जरिवाना सम्बन्धी नीति, कानुन, मापदण्ड, नियमन, संकलन र बाडफाँड |
| २३ | प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र पर्यटन शुल्क सम्बन्धमा संघीय कानुन र प्रदेश कानुन अनुसार संकलन नियमन र हस्तान्तरण |
| २४ | राजश्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| २५ | संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध, सहकार्य र वित्तीय व्यवस्था |
| २६ | प्रदेश आर्थिक कार्यविधि सम्वन्धी नीति तथा कानुन निर्माण, कार्यान्वयन र नियमन |
| २७ | बजेट सीमा निर्धारण, तर्जूमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन |
| २८ | लेखा नियन्त्रण तथा व्यवस्थापन एवम् लेखा समूहको सञ्चालन |
| २९ | प्रदेश संचित कोषको संचालन र व्यवस्थापन |
| ३० | प्रदेश राजस्व र व्ययको अनुमान पुरक, अनुमान, पेश्की खर्च तथा आकष्मिक कोष |
| ३१ | प्रदेश विनियोजन ऐन (स्थानीय तहलाइ उपलब्ध गराउने स्रोत समेत) |
| ३२ | बेरुजुको एकिकृत लगत र असुल उपर एवम् फर्छ्यौट सम्बन्धी |
| ३३ | प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन |
| ३४ | प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य संचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र आन्तरिक लेखा परीक्षण |
| ३५ | तथ्याङ्क सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| ३६ | प्रदेशको घरधुरी सर्वेक्षण तथा तथ्याङ्क प्रणाली व्यवस्थापन |
| ३७ | तथ्यांक सम्बन्धी संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य |
| ३८ | प्रदेश प्रशासन सेवाको लेखा समूह सञ्चालन |
| | ३ **उद्योग, पर्यटन तथा वन मन्त्रालय** |
| १ | कलकारखाना र औद्योगिकीकरण सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| २ | औद्योगिक व्यवसाय प्रवर्धन र नियमन |
| ३ | उद्योगदर्ता, अनुमति,नबीकरण, खारेजी एवं नियमन |
| ४ | प्रदेशस्तरको औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना र विस्तार |
| ५ | औद्योगिक भौतिक पूर्वाधार विकास सम्वन्धी योजना र कार्यान्वयन |
| ६ | औद्योगिक विकास र प्रवर्द्धन |
| ७ | औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन |
| ८ | प्रादेशिक सार्वजनिक संस्था/संस्थानको विकास, औद्योगिक विकास र प्रवर्द्धन प्रवर्द्धन र नियमन |
| ९ | प्रादेशीक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पुर्वाधार विकास र नियमन |
| १० | पर्यटक प्रहरी तथा पर्यटकीय मेलाहरुको व्यवस्थापन |
| ११ | पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल ऐजेन्सि, धार्मिक तथा साँस्कृतक पर्यटकीय क्षेत्रहरुको दर्ता, |

| | |
|---|---|
| | अनुमति, नवीकरण र नियमण |
| १२ | वन तथा वातावरण क्षेत्रको नीति, कानुन, मापदण्ड, योजना र नियमन |
| १३ | वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी |
| १४ | भू तथा जलाधार संरक्षण सम्बन्धी नीति योजना तथा कार्यक्रम तर्जूमा तथा कार्यान्वयन |
| १५ | जैविक विविधताको यथास्थान र परस्थान संरक्षण एवम् व्यवस्थापन |
| १६ | चुरे क्षेत्रको भूसंरक्षण तथा भूस्खलन नियन्त्रण र व्यवस्थापन |
| १७ | वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी |
| १८ | वन पैदावरको संकलन तथा आपूर्ति व्यवस्थापन |
| १९ | नर्सरी सञ्चालन, विरुवा उत्पादन तथा वितरण एवम् वृक्षारोपण |
| २० | सडक किनाराको वृक्षारोपण तथा हरियाली व्यवस्थापन |
| २१ | धार्मिक वन व्यवस्थापन तथा संरक्षण क्षेत्रको व्यवस्थापन |
| २२ | सामुदायिक वन, साझेदारी वन तथा कबुलियती वन व्यवस्थापन सम्बन्धी |
| २३ | वन पैदावारमा आधारित उद्योगको नियमन |
| २४ | प्राकृतिक साधनश्रोतको उपयोग सम्बन्धी नीति योजना तथा कार्यक्रम तर्जूमा तथा कार्यान्वयन |
| २५ | निजी वन व्यवस्थापनमा प्राविधिक सहयोग, निजी वनका वन पैदावार संकलन ओसारपसार र मूल्यअभिवृद्धि |
| २६ | जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरणसम्बन्धी नीति, कानुन र नियमन |
| २७ | जडिबुटीजन्य विरुवाहरुको Pharmacological अध्ययन तथा जडिबुटीजन्य उत्पादनहरुको Microbial Activity तथा PRA Database सम्बन्धी अध्ययन अनुसन्धान |
| २८ | वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह |
| २९ | वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग |
| ३० | वन क्षेत्रको सीमाङ्कन (Demarcation) संरक्षण तथा अतिक्रमण नियन्त्रण |
| ३१ | वन क्षेत्रको नदिजन्य पदार्थको उपयोग, व्यवस्थापन र नियमन |
| ३२ | वातावरणीय संरक्षण तथा स्वच्छ्ता सम्बन्धी नीति, प्रविधि विकास र व्यवस्थापन |
| ३३ | वातावरणीय सुचना प्रणालीको स्थापना |
| ३४ | वातावरणीय जोखिमका लागि पूर्व तयारी र उद्धार |
| ३५ | वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन |
| ३६ | जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी |
| ३७ | वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति, अनुगमन तथा नियमन |
| ३८ | सिमसार क्षेत्र, मध्यवर्ती तथा तटवर्ती क्षेत्रको व्यवस्था |
| ३९ | मानव वन्यजन्तु द्वन्द्ध व्यवस्थापन एवम् क्षतिपूर्ति |
| ४० | वन अनुसन्धान तथा सर्भेक्षण, जनशक्ति विकास र क्षमता अभिबृद्धि |
| ४१ | जलाधार तथा उपजलाधार क्षेत्रको संरक्षण, विकास तथा व्यवस्थापन |
| ४२ | पर्यावरणीय दिगोपनाको बिकास तथा कार्यान्वयन। |

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| ४३ | पारिस्थितिकीय प्रणाली तथा सेवामा पहुच र लाभको बाडफाड सम्बन्धी |
| ४४ | वातावरणीय न्याय सम्बन्धी नीति, कानुन, योजना तथा मापदण्ड |
| ४५ | तल्लो तथा उपल्लो तटीय क्षेत्रमा वातावरणीय सेवाको न्यायोचित पहुच तथा बाँडफाट |
| ४६ | संघीय नीति तथा योजनाको प्रदेश स्तरमा कार्यान्वयन तथा प्रतिवेदन |
| ४७ | संघ तथा स्थानीय तहका निकायहरूसङ्ग क्षेत्रगत समन्वय र सहकार्य |
| ४८ | वन क्षेत्रमा कार्यरत सामाजिक तथा संघ संस्थाहरुको समन्वय |
| ४९ | प्रदेश वन सेवाको सञ्चालन |
| | **४ कानून, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय** |
| १ | प्रदेश विधेयक, अध्यादेश, नियम, आदेश तथा प्रदेश सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा तथा सहमति |
| २ | प्रदेश सभामा विधेयक प्रस्तुत, फिर्ता |
| ३ | सरकारी तथा गैरसरकारी विधेयक |
| ४ | सार्वजनिक लिखत प्रमाणिकरण |
| ५ | कानूनी राय तथा परामर्श |
| ६ | प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन तथा प्रकाशन |
| ७ | पारस्परिक कानूनी सहायता |
| ८ | सरकारी आश्वाशन तथा सङ्कल्प प्रस्ताव |
| ९ | प्रदेश कानूनको प्रकाशन तथा वितरण |
| १० | स्थानीय तहको कानूनको मस्यौदा तर्जुमामा सहजीकरण |
| ११ | मानव अधिकार र मानवीय कानून |
| १२ | न्यायमा पहुँच र निःशुल्क कानूनी सहायता |
| १३ | प्रदेश सरकारलाई आवश्यक पर्ने कानून तथा कानून लिखतको अनुवाद |
| १४ | प्रदेश कानूनको एकीकरण र संहिताकरण |
| १५ | प्रदेश सभा कार्यसञ्चालन तथा सम्पर्क |
| | **५ खानेपानी तथा ऊर्जा विकास मन्त्रालय** |
| १ | विद्युत, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| २ | राष्ट्रिय जलस्रोत नीति, संघीय कानुन, वेसिन योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजना पहिचान, अध्ययन, निर्माण, संचालन, व्यवस्थापन र नियमन |
| ३ | प्रदेश स्तरको विद्युत, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी सम्बन्धी योजना/गुरुयोजनाको तर्जुमा, आयोजनाको पहिचान, अध्ययन, निर्माण, संचालन, संभार र व्यवस्थापन |
| ४ | विद्युत वितरण र सेवाको गुणस्तर नियमन |
| ५ | वैकल्पिक उर्जा सम्बन्धी नीति, नियम, कानून तथा मापदण्ड निर्धारण |
| ६ | सोलार उर्जा तथा बायोग्यास लगायतका अन्य वैकल्पिक उर्जाको उत्पादन अनुमति, नविकरण |

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
जनकपुरधाम, नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| ७ | प्रदेशस्तरमा विद्युत, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी सेवाको शुल्क दस्तुरको आधार निर्धारण |
| ८ | प्रदेशका जलस्रोत उपयोग सम्बन्धी अन्तर सेवा संचालनमा समन्वय |
| ९ | विद्युत, खानेपानी तथा सरसफाइको सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति र मापदण्ड र नियमन |
| १० | खानेपानी, सर-सफाइ तथा स्वच्छता सम्वन्धी पिछडिएका वर्गको पहुँच सुनिश्चितता |
| ११ | विद्युतीय यातायातको मापदण्ड निर्धारण तथा सञ्चालन अनुमति एवं नविकरण |
| १२ | प्रदेशभित्रको जल उपयोग केन्द्रीय गुरुयोजना भित्र रहने गरी विद्युत, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी र सिंचाई सम्बन्धि योजना, गुरु योजना तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मुल्याङकन |
| १३ | प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन र अनुगमन |
| १४ | प्रदेश इन्जिनियरिङ्ग सेवाको सम्बन्धित समूह सञ्चालन |
| | **६ गृह तथा सञ्चार मन्त्रालय** |
| १ | प्रदेशको शान्ति सुरक्षा र सार्वजनिक सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जूमा, कार्यान्वयन र नियमन |
| २ | प्रदेशको शान्ति सुरक्षामा असर गर्न सक्ने खतरा, चुनौती र जोखिम सम्बन्धी सूचना संकलन, विश्लेषण, आदान-प्रदान र उपयोग |
| ३ | प्रदेशको शान्ति सुरक्षाको समग्र स्थितिको लेखाजोखा, रेखदेख, नियन्त्रण, मूल्यांकन र आवश्यक सुरक्षाका उपायहरू अवलम्बन तथा आवधिक प्रतिवेदन |
| ४ | प्रदेशभित्रको सार्वजनिक सुव्यवस्था र प्रदेशको काबुवाहिरको परिस्थितिमा शान्ति सुव्यवस्था कायम राख्ने सम्वन्धमा संघसँग समन्वय र सहकार्य |
| ५ | प्रदेश प्रहरी सेवा सम्बन्धी नीति एवम् कानुन तर्जूमा, कार्यान्वयन र नियमन |
| ६ | प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन |
| ७ | ब्यारेक र कार्यालयसहितको भौतिक पूर्वाधार, हातहतियार, गोली गठ्ठा, यातायात साधन, सञ्चार उपकरण तथा सामग्रीको व्यवस्थापन |
| ८ | प्रदेशभित्रको अपराध अनुसन्धान, रोकथाम तथा नियन्त्रण |
| ९ | केन्द्रीय प्रहरी र अन्य सुरक्षा निकायलाई लोकमार्ग लगायत अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग |
| १० | केन्द्रीय प्रहरी र अन्य प्रदेशका प्रहरी संगठनसंग सम्पर्क, सूचना आदान प्रदान र समन्वय |
| ११ | आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग |
| १२ | सामुदायिक प्रहरी तथा प्रदेश प्रहरी कल्याण |
| १३ | प्रदेशभित्रको लोकमार्ग, सहायक मार्ग तथा स्थानीय तहका मार्गमा ट्राफिक व्यवस्थापन |
| १४ | प्रदेशभित्रको सार्वजनिक सुव्यवस्था र प्रदेशको काबुवाहिरको परिस्थितिमा शान्ति सुव्यवस्था कायम राख्ने सम्वन्धमा संघसँग समन्वय र सहकार्य |
| १५ | अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल, उत्सव, मेला, समारोह |

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | आदिको सुरक्षा |
| १६ | विपद् जोखिम रोकथाम र अल्पीकरण, विपद् पूर्व तयारी, विपद् प्रतिकार्य तथा विपद् पश्चात्को पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी |
| १७ | स्थानीय प्रशासन सम्बन्धी |
| १८ | गैरसरकारी संघ संस्था सम्बन्धी |
| १९ | सामाजिक विवाद तथा द्वन्द व्यवस्थापन |
| २० | विस्फोटक पदार्थ, हातहतियार तथा खरखजना सम्बन्धी |
| २१ | अपराध अनुसन्धानमा अन्य प्रदेश र संघलाई सहयोग तथा समन्वय |
| २२ | अपराध सम्बन्धी प्रादेशिक अभिलेख व्यवस्थापन |
| २३ | अपराध पीडितको पुनस्थापन र अपराध तथा यातना पीडितको क्षतिपूर्ति |
| २४ | कारागारको सुरक्षा व्यवस्था, भौतिक पूर्वाधार निर्माण, मर्मत संभार, संचालन, तथा हिरासत व्यवस्थापन |
| २५ | एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण सम्बन्धी व्यवस्थापन र सुरक्षा |
| २६ | निवारक नजरबन्द र स्थानहद सम्बन्धी |
| २७ | प्रदेशको सार्वजनिक सुरक्षा व्यवस्थामा असर पुर्याउने खालका व्यक्ति, विचार र गतिविधिसम्बन्धी सूचना संकलन, विश्लेषण, उपयोग र प्रवाह |
| २८ | राष्ट्रिय हित विरुद्धका सूचना संकलन, विश्लेषण, उपयोग र प्रवाह |
| २९ | विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, सम्प्रदाय र सम्प्रदाय वीचको पारस्परिक सदभाव, सहिष्णुता, एकतामा खलल पुरयाउने खालका गतिविधिहरुको सूचना संकलन, विश्लेषण, उपयोग र प्रवाह |
| ३० | प्रदेश भित्रको राजनीतिक गतिविधिको विश्लेषण र प्रतिवेदन |
| ३१ | अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण, उपयोग र प्रवाह |
| ३२ | अन्तरप्रदेश सम्बन्धलाई धमिल्याउने गतिविधिको सूचना संकलन, विश्लेषण, उपयोग र प्रवाह |
| ३३ | लैंगिक हिंसा,मानव वेचविखन र लागू औषध कारोवार सम्बन्धी सूचना संकलन, विश्लेषण र प्रवाह |
| ३४ | लागुपदार्थको उत्पादन, वितरण र प्रयोगमा नियन्त्रण |
| ३५ | रेडियो, एफ्. एम्., टेलिभिजन संचालन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| ३६ | १०० वाटभन्दा माथि १००० वाटसम्मको एफ. एम. रेडियो इजाजत र नवीकरण |
| ३७ | प्रदेशस्तरको विद्युतीय संचार माध्यम सञ्चालन अनुमति, नवीकरण र नियमन |
| ३८ | सूचना प्रविधिको प्रवर्द्धन तथा साइवर सुरक्षा सम्बन्धी |
| ३९ | इन्टरनेट सेवा तथा केबुल वितरणको इजाजत, नवीकरण र नियमन |
| ४० | छापा संचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण, अभिलेखाङ्कन, बर्गीकरण, सञ्चालन र नियमन |
| ४१ | अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, नवीकरण, अभिलेख, अनुगमन र नियमन |
| ४२ | प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण तथा प्रेस रजिष्ट्रार सम्बन्धी |
| ४३ | सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| ४४ | प्रदेश उपाधी, सम्मान तथा पदक सम्बन्धी |

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
जनकपुरधाम, नेपाल
प्रमुख सचिव

| | |
|---|---|
| ४५ | सार्वजनिक बिदा उत्सव आदिको व्यवस्थापन |
| | **७ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय** |
| १ | भूमि तथा भू-उपयोग सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| २ | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| ३ | निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन |
| ४ | जग्गा दर्ता, रजिष्ट्रेशन, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति र मापदण्ड निर्धारण |
| ५ | संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख व्यवस्थापन |
| ६ | नापनक्शाका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना तथा अभिलेख व्यवस्थापन |
| ७ | प्रदेश भित्रको नापनक्शा र जग्गाको श्रेस्तापूर्जाको अभिलेख |
| ८ | क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्वन्धी मापदण्ड र कार्यान्वयन |
| ९ | भू-उपयोग, भूमिसुधार र चक्लाबन्दी सम्बन्धी |
| १० | भूमिहिन दलित, भूमिहिन, हरवा चरवा आदि वर्गको पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| ११ | उपयोग नभएको वा कम उपयोग भएका जग्गा उपयोग सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| १२ | विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका एवं वन, सिमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत |
| १३ | सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण एवं वितरणमा समन्वय र सहजीकरण |
| १४ | सरकारी, ऐलानी, गुठी तथा पर्ति जग्गाको संरक्षण व्यवस्थापन तथा उपयोग |
| १५ | जग्गाधनी प्रमाण पुर्जा वितरण सम्वन्धी मापदण्ड निर्धारण |
| १६ | जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन |
| १७ | सहकारी संस्था सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| १८ | प्रादेशिक सहकारी संस्था, सहकारी संघ, सहकारी बैंक सम्वन्धी अनुमति, सञ्चालन र नियमन |
| १९ | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड र नियमन |
| २० | सहकारी सम्बन्धी संघीय, अन्तरप्रादेशिक तथा स्थानीय संघसंस्थासँग समन्वय र सहकार्य |
| २१ | सहकारी सम्वन्धी क्षमता अभिवृद्धि, सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन |
| २२ | सहकारी सम्वन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान |
| २३ | कृषि, पशु विकास तथा खाद्य सुरक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| २४ | कृषि तथा पशुपंछीजन्य रोग किरा एवं महामारी नियन्त्रण |
| २५ | कृषिको व्यवसायीकरण, पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन |
| २६ | कृषि तथा पशुपालन व्यवसायको यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार |
| २७ | पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन |
| २८ | कृषि तथा पशु रोगको निदान प्रयोगशाला व्यवस्थापन रनियमन |

| | |
|---|---|
| २९ | कृषि उपज, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्रीको गुणस्तर निर्धारण र नियमन |
| ३० | कृषिजन्य वस्तु, सेवा र प्रविधिको सम्बद्धता, स्तरीयकरण, गुणस्तर निर्धारण र प्रमाणीकरण |
| ३१ | बीउ विजन एवं नश्ल सम्वन्धी गुणस्तर निर्धारण र नियमन |
| ३२ | प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुता |
| ३३ | कृषि सम्वन्धी प्रादेशिक तथ्याङ्क प्रणाली, अध्ययन, अनुसन्धान, स्रोत संरक्षण, विकास र विस्तार तथा सामूहिक खेती प्रणाली |
| ३४ | कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्वन्धी अध्ययन, अनुसन्धान विकास र प्रवर्द्धन |
| ३५ | कम्पोष्ट मल, प्राङ्गारिक मल, रसायनिक मल तथा रैथाने बाली तथा उन्नत बिऊविजन र बिषादी आपूर्ति व्यवस्था र नियमन |
| ३६ | कृषि, पशुपन्छी तथा खाद्य सम्वन्धी प्रयोगशाला विकास र व्यवस्थापन |
| ३७ | कृषिप्रसार, कृषक तालिम तथा क्षमता विकास |
| ३८ | कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण तथा कार्यान्वयन |
| ३९ | कृषि र पशुपन्छी बीमा सम्वन्धी योजना र कार्यान्वयन |
| ४० | कृषि बजार र पूर्वाधार विकास र सञ्चालन |
| ४१ | कृषिफार्म केन्द्रहरुको विकास र व्यवस्थापन |
| ४२ | वागबानी, तेलवाली, कोसेवाली तथा अन्नवाली सम्बन्धी अनुसन्धान एवम् प्रयोगमा समन्वय तथा सहयोग |
| ४३ | गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| ४४ | सार्वजनिक गुठी अन्तर्गत रहेका जग्गा जमिन र सम्पत्तिको संरक्षण र अभिलेख व्यवस्थापन तथा उपयोग |
| ४५ | गुठी जग्गा र गुठी व्यवस्थापनका सन्दर्भमा संघीय सरकार, प्रदेश र स्थानीय तहसँग सहयोग एवं समन्वय |
| ४६ | परम्परागरत रुपमा सञ्चालित गुठीहरुको आधुनिक व्यवस्थापन एवम् विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन |
| ४७ | प्रदेश कृषि सेवाको सञ्चालन |
| | ८ **भौतिक पूर्वाधार विकास मन्त्रालय** |
| १ | प्रदेश लोकमार्ग प्रणाली सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| २ | प्रदेश लोकमार्ग प्रणालीका सडक तथा पुलको मापदण्ड तथा आधार निर्धारण |
| ३ | प्रदेश लोकमार्गको गुरुयोजना, निर्माण/ स्तरोन्नति, कार्यान्वयन र नियमन |
| ४ | प्रदेश लोकमार्गको मर्मत सम्भार र व्यवस्थापन |
| ५ | प्रदेश लोकमार्ग सम्वन्धी तथ्याङ्क व्यवस्थापन |
| ६ | प्रदेश लोकमार्गको यातायात सुरक्षा व्यवस्था र नियमन |
| ७ | प्रदेश लोकमार्ग संभार कोष व्यवस्थापन |
| ८ | सडक प्रविधि र संस्थागत विकास सम्बन्धी प्रदेश स्तरीय अध्ययन र अनुसन्धान |

| | |
|---|---|
| ९ | सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| १० | प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसंभार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन |
| ११ | प्रदेश सरकारी कार्यालयहरुको निर्माण संयोजन र समन्वय |
| १२ | प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन |
| १३ | प्रादेशिक तहमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन |
| १४ | कर्मचारी आवास, अस्पताल र विद्यालय निर्माण |
| १५ | लोपन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड, योजना र कार्यान्वयन |
| १६ | प्रादेशिक राजधानी र अन्तर स्थानीय सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण |
| १७ | यातायात सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| १८ | सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण |
| १९ | प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, गुणस्तर, भाडा दर निर्धारण र नियमन |
| २० | वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम संवेदी, अपाङ्गता र लैङ्गिक मैत्री यातायात प्रणालीको प्रवर्द्धन |
| २१ | प्रदेश तहमा यातायात सुरक्षा सम्बन्धी योजना र कार्यान्वयन |
| २२ | रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, योजना र आयोजना कार्यान्वयन |
| २३ | आन्तरिक जलमार्ग सम्वन्धी संभाव्यता अध्ययन, सञ्चालन र व्यवस्थापन |
| २४ | ठूला सिंचाइ प्रणाली र संघबाट निर्मित जल उत्पन्न प्रकोप नियन्त्रण आयोजनाको संचालन, संभार र व्यवस्थापन तथा संघ सँग समन्वय |
| २५ | प्रादेशिक नदी नियन्त्रण तथा व्यबस्थापन |
| २६ | प्रदेश इन्जिनियरिङ्ग सेवाको सम्बन्धित समूह सञ्चालन |
| | **९ महिला, बालबालिका, युवा तथा खेलकूद मन्त्रालय** |
| १ | महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान |
| ३ | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिक र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन |
| ४ | बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, बाल उध्दार कोष व्यवस्थापन र बाल सुधार तथा पुनस्थार्पना |
| ५ | समाज कल्याण र संघसंस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मुल्याङ्कन |
| ६ | युवासम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक |

| | |
|---|---|
| | प्रोत्साहन |
| ७ | खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, खेलकुद तथा खेलकुद पुर्वाधारको विकास र प्रवर्द्धन |
| ८ | खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन |
| ९ | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता |
| १० | लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन |
| | **१० सामाजिक विकास मन्त्रालय** |
| १ | भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| २ | प्रादेशिक स्तरका भाषा, लिपि संस्कृति, ललितकला र धार्मिक लगायतका सम्पदाको संरक्षण, सम्वर्द्धन, खोज, अनुसन्धान तथा व्यवस्थापन |
| ३ | ऐतिहासिक, धार्मिक साँस्कृतिक एवं कला र वास्तुकलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन |
| ४ | प्रादेशिक स्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन |
| ५ | प्रादेशिक महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन |
| ६ | प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक सांस्कृतिक सम्पदा सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| ७ | प्रदेशस्तरका ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक महत्वका सम्पदाको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन, पुनर्निर्माण |
| ८ | पुरातत्व, सास्कृतिक धरोहर, धर्म र परम्परा सम्वन्धी संघसंस्था र अन्तरप्रदेश सम्पर्क, सहयोग र समन्वय |
| ९ | स्वास्थ्यसेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, गुणस्तर मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| १० | प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको व्यवस्थापन |
| ११ | स्वास्थ्यसेवा सम्वन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन |
| १२ | प्रदेश स्तरीय उपचार केन्द्र तथा सेवाको गुणस्तर निर्धारण, दर्ता, सञ्चालन अनुमति, व्यवस्थापन र नियमन |
| १३ | राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सामग्री उत्पादन, संचय, अधिकतम खुद्रा मूल्य, अन्तिम बिसर्जन सम्बन्धी गुणस्तर मापदण्ड, दर्ता, सञ्चालन अनुमति, र नियमन |
| १४ | राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल र नर्सिङ्ग होम, निदान केन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको दर्ता, सञ्चालन अनुमति र नियमन |

| | |
|---|---|
| १५ | खानेपानी, खाद्य पदार्थ, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखा ढाँचा एवं गुणस्तरका मापदण्ड र कार्यान्वयन |
| १६ | सामाजिक सुरक्षा, स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा सम्बन्धी |
| १७ | स्वास्थ्य क्षेत्र मानवस्रोत विकास र व्यवस्थापन |
| १८ | औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्मजीव निरोधक प्रतिरोध (Antimicrobial Resistance) न्युनीकरण |
| १९ | खोप र परिवार नियोजन लगायतका गुणस्तर संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन |
| २० | प्रदेशस्तरमा अनुसन्धानका प्राथमिकता निर्धारण, अध्ययन तथा अनुसन्धान तथा सूचना प्रवाह |
| २१ | प्रदेशस्तरमा स्वास्थ्य सूचना प्रणाली तथा स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन |
| २२ | प्रदेश स्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन |
| २३ | आर्युवेद र अन्य प्रचलित स्वास्थ्य सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड र व्यवस्थापन |
| २४ | सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन |
| २५ | निदान केन्द्र तथा प्रयोगशाला सेवाको अनुमति, सञ्चालन र विस्तार |
| २६ | जनस्वास्थ्य आपत्कालीन अवस्था, स्वास्थ्य क्षेत्रमा विपद् र महामारी व्यवस्थापन |
| २७ | सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम |
| २८ | राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन |
| २९ | स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन |
| ३० | आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन |
| ३१ | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवा व्यवस्थापन |
| ३२ | आकस्मिक स्वास्थ्य सेवा प्रवाह |
| ३३ | प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसँग समन्वय |
| ३४ | श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना |
| ३५ | प्रदेश स्वास्थ्य सेवाको सञ्चालन |
| | **११ शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्रालय** |
| १ | प्रदेशस्तरको उच्च शिक्षा सम्वन्धी नीति, कानुन, प्रशासन, मापदण्ड र नियमन |
| २ | प्रदेश विश्वविद्यालय सम्वन्धी नीति, कानुन, मापदण्ड, प्रशासन र नियमन |
| ३ | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन |
| ४ | पुस्तकालय सम्वन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| ५ | प्रदेश संग्रहालय सम्वन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| ६ | शिक्षाको प्रादेशिक नीति, कानुन, मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन |

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
जनकपुरधाम, नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| ७ | मानव संसाधन आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन |
| ८ | पाठ्यक्रम निर्माण एवं पाठ्यपुस्तक उत्पादन |
| ९ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको नीति, पाठ्यक्रम र पाठ्य सामग्री निर्माण, कार्यान्वयन र नियमन |
| १० | विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताको प्रदेशस्तरमा मापदण्ड निर्धारण एवं नियमन |
| ११ | माध्यमिक तहको शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन |
| १२ | माध्यमिक तहको कक्षा १० को परीक्षा व्यवस्थापन |
| १३ | उच्च शिक्षाको छात्रवृत्ति व्यवस्थापन |
| १४ | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन |
| १५ | उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन |
| १६ | सार्वजनिक सेवा, अत्यावश्यक सेवा आपुर्ति सम्बन्धि नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन एवं नियमन |
| १७ | मुल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन |
| १८ | अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपुर्ति सम्बन्धी सुचना संकलन, विश्लेषण, प्रक्षेपण र आपुर्ति व्यवस्थापन, मौज्दातको व्यवस्था र आपुर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय |
| १९ | लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन |
| २० | प्रदेश स्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन |
| २१ | वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार र उन्नयन र विकास |
| २२ | विज्ञान सङ्ग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन |
| २३ | मौसम र जलमापन सञ्जाल व्यवस्थापन |
| २४ | जलगुण तथा वायूगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन |
| २५ | जैविक प्रविधिको अध्ययन, अनुसन्धान, विकास र नियमन |
| २६ | व्यापार/बाणिज्यसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| २७ | प्रादेशिक व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन |
| २८ | प्रदेशभित्रको व्यापार पूर्वाधार निर्माण, सञ्चालन, सहयोग, सहजीकरण, समन्वय र नियमन |
| २९ | व्यापारसम्वन्धी सिन्डिकेट, कार्टेलिङ्ग नियन्त्रण र प्रतिस्पर्धा सम्बन्धी नीति तथा कानून, मापदण्ड, कार्यान्वयन र नियमन |
| ३० | वस्तु, सेवा र बौद्धिक सम्पत्ति सम्वन्धीव्यापार |
| ३१ | व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन |
| ३२ | व्यापार तथा वाणिज्य क्षेत्रसँग समन्वय र सहकार्य |
| ३३ | प्रादेशिक व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान |
| ३४ | प्रदेश शिक्षा सेवाको सञ्चालन |